जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १६४ २०७६ साल माघ १४ गते मंगलबार (28 Jan. 2020 Tuesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : प्रजातन्त्र, गणतन्त्रपछि कमैया ... ३ पृष्ठमा : कोरोना भाइरस नियन्त्रणमा. ३ पृष्ठमा : कोरोना भाइरसबाट चीनमा ...

## असहाय, विपन्न, अशक्त तथा बृद्धबृद्धालाई कम्बल बितरण



**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**

राजविराज वडा नं. ९ मलेठका गरिब असहाय, विपन्न, अशक्त तथा बृद्धबृद्धालाई सोमबार कम्बल प्रदान गरिएको छ ।

राष्ट्रिय सहकारी बैंक राजविराज र जन ज्योति कृषि सहकारी संस्था मलेठको संयुक्त सहयोग तथा राजविराज वडा नं. ९ को सहकार्यमा १ सय ५० गरिब असहाय, विपन्न, अशक्त तथा बृद्धबृद्धालाई सो कम्बल प्रदान गरिएको छ ।

आर्थिक रुपले कमजोर गरिब, असहाय, विपन्न परिवारको घरदौलोमा पुगेर तथ्याङ्क संकलन गरि सूची तयार पारिएको वडा अध्यक्ष शम्भु प्रसाद यादवले जानकारी दिए । उनले सो तथ्याङ्कबाट १ सय ५० जनाको नाम अन्तिम सूचीमा राखेर चिसोबाट जोगिन कम्बल वितरण गरिएको बताए ।

राष्ट्रिय सहकारी बैंक राजविराजका संचालक एवं प्रदेश २ का संयोजक तथा संस्थाका अध्यक्ष समेत रहेका

सविश्वनाथ मण्डलले संस्थाले सामाजिक कार्य समेत विगतमा गरेकोले सोही कामलाई यसपटक पनि निरन्तरता दिएको उल्लेख गरे । संस्थाले सामाजिक उत्तरदायित्व अन्तरगत प्रकृतिक प्रकोप अग्निपीडित, बाढी पीडित तथा चिसो प्रभावित व्यक्तिहरुलाई भविष्यमा समेत सहयोग गरिरहने बताए ।

त्यस्तै राष्ट्रिय सहकारी बैंक शाखा राजविराजका प्रमुख विष्णु पराजुलीले बैंक तथा सहकारी संस्थाले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत चिसो पिडित गरिब, असहायलाई

*बाँकी दुई पृष्ठमा*

## खाद्य स्वच्छता कायम गर्न होटलहरुमा अनुगमन तथा स्तारिकरण स्टिकर टाँस

**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**

सप्तरीको विभिन्न होटल तथा रेष्टुरेन्टहरुमा सोमबारदेखी खाद्य स्वच्छता कायम गर्न अनुगमन र स्तारिकरण स्टिकर टाँस्ने कामको सुरुवात गरिएको छ ।

भ्रमण वर्ष २०२० लाई मध्यनजर गर्दै सो कार्यको सुरुवात गरिएको जनाइएको छ। खाद्य स्वच्छता, सरसफाई, स्टोरीड, भान्साघर, फोहोर मैला व्यवस्थापन लगायतका विषयको स्थलगत अनुगमन पश्चात तत्कालै स्तरीकरणको स्टिकर टाँस गर्ने र



प्रमाणपत्र उपलब्ध गराउने गरिएको छ ।

चार किसिमको स्तरिकरण कायम गरिएकोमा ९० भन्दा बढी अंक ल्याउने होटल र रेष्टुरेन्टलाई

*बाँकी अन्तिम पृष्ठमा*

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**
**फोन नं. : 031-522408/09**

## भिसा मगाई दिने भन्दै ठगि गर्ने चार पक्राउ



**दैनिक समाचारदाता**
**पर्सा, १३ माघ ।**

विभिन्न सामाजिक संजालहरुबाट सपिङ अनलाइन एप खोली एप्पल कम्पनीको मोबाइल विक्रि वितरण कार्य तथा विभिन्न मुलुकको भिसासमेत मगाई दिने भन्दै ठगि गर्ने कार्यमा संलग्न चार जनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ । 

***बाँकी दुई पृष्ठमा***




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
City Express
IME International Money Express
IME pay
himal remit
CG Money
MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

### बैदेशिक रोजगारीमा ठगि गर्ने प्रबृति रोक्नु आवश्यक

बैदेशिक रोजगारीमा पठाइदिने भन्दै रकम ठगि गर्ने प्रबृति बढ्दै गएको छ। सप्तरी लगायत अन्य जिल्लाहरु समेतमा यस्तै ठगि गर्ने प्रबृति बढ्दै गएको छ। मुलुकमा रोजगारीको अवसर सृजना हुनसक्दा यूवाहरु विदेश गएर रोजगारी गर्न बाध्य भएको बेला यस्ता ठगि गर्ने प्रबृतिले पनि बढ्दै गएको हो। बढी रकम र सुविधाजनक सेवा दिने भन्दै युवाहरु ठगिदै गएको कुरा सार्वजनिक भएको छ। हालै सप्तरीसहित विभिन्न जिल्लाका यूवाहरुलाई नक्कली भिसा बनाएर बैदेशिक रोजगारका लागि उडाउन खोजिएपछि ती तथ्य सार्वजजिक भएको छ।

हुन त सरकारले मान्यताप्राप्त म्यानपावर कम्पनीहरुसँग मात्र बैदेशिक रोजगारका लागि पहल गर्न निर्देशनात्मक आदेश दिएपनि त्यसको कार्यान्वयन पक्ष फितलो देखिन्छ। सरकारको आदेशको अवज्ञा हुँदा पनि सरकार मुकदर्शक देखिन्छ भने युवाहरु समेत गैरकानुनी रुपमा व्यक्तिगत रुपमा रोजगारीका लागि जान आफै फसेको देखिन्छ।

तसर्थ रोजगारीका लागि जाने यूवाहरु समेत सचेत भई सरकारले तोकेको म्यानपावरसँग मात्र समन्वय गर्नु पर्न उत्तिकै आवश्यक छ भने सम्बन्धीत पक्षले पनि यसको कार्यान्वयनका लागि कडा रुपमा प्रस्तुत हुनुपर्ने जरुरी रहेको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# प्रजातन्त्र, गणतन्त्रपछि कमैया प्रथामाथि एक दृष्टि



**अमरनाथ मण्डल**

देशमा अमुल्य परिवर्तनसँगै प्रजातन्त्र, गणतन्त्र र संघीयताको स्थापना भएपछि पनि मानव संस्कृति र सभ्यतामा कहिले पनि यस्ता कलंकका प्रथाहरु समाजमा कायम रहेको सन्दर्भमा कमैया प्रथा देशको प्रजातन्त्र र गणतन्त्रको स्थापना लगतै राजनैतिक दल, संघ-संस्था लगायतहरुको कमैया प्रथा अन्त्य भै सकेको जस्ता कोरा नाराहरु अहिले कमैया प्रथा समाजमा विदितै रहेको प्रमाणहरु र हार व्यवहारमा देखिएको र संचारमाध्यमहरुबाट अहिले पनि कमैया प्रथाबाट मानवजाती उत्पीडनको शिकार भोगिरहेको तथ्य र प्रमाणहरु फेला परिरहेका छन्। वास्तवमा हेर्दा खेरी कमैया प्रथाले देशमा यस्तो परिवर्तन भएतापनि किन अन्त्य नभएको सन्दर्भहरु सर्वत्र उठिरहेको अवस्था छ।

**कमैया प्रथाको संक्षिप्त परिचय**

नेपाल अधिराज्यको पश्चिमी जिल्ला मध्येका, बाँके, बर्दिया, कैलाली, कंचनपुर, दाङ जिल्लामा सदियौं देखि बसोबास गरेका आदिबासी "थारु" समाजका विपन्न वर्णले चरम शोषणको विवशतामा परी कमैयाको काम गर्दै आएका छन्। कमैयाको अर्थलाई प्रथाको रुपमा लिइएतापनि "पानी कमैया" भनेको थारु समुदायकाका विपन्न, गरिब वर्गले ठूला-ठालु धनी वर्ग कहाँ केही ज्याला वा पारिश्रमिक लिएर काम गर्न बसेकी तरुनी ठूला-ठालु धनी वर्गको शोषणरुपी षड्यन्त्रले जीवनको अधिकांश समय, अथवा जीवनकाल तथा व्यक्तिको जीवनपछि पनि उसको परिवारले "दास" को रुपमा काम गरी बस्नुपर्ने बाध्यता बोकेको एउटा समुदाय हो।

हाम्रो देशमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका तराई भेगका जिल्लाहरुमा "थारु" जातिको बसोबास रहेको देखिन्छ, पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रका जिल्लाहरु झापा, मोरंग, सुनसरी, सप्तरी, महोत्तरी, सर्लाही, बारा, पर्सा आदि जिल्लाहरुमा बसोबास गर्ने थारु जातिको संस्कार बेग्लै अर्थात सम्भ्रान्त हुँदै गईरहेको छ भने पश्चिमाञ्चल क्षेत्रका खासगरी पाँच जिल्लाहरु बाँके, बर्दिया, कैलाली, कंचनपुर र दाङ जिल्लामा बसोबास गरेका विपन्न वर्गका थारु जातिको ठूलो समुदाय राजनीतिक, आर्थिक एवं सामाजिक क्षेत्रमा र संस्कारमा निकै उपेक्षित र तिरस्कृत सदयौं देखि रहि आएका छन्। यिनीहरु बाध्यता र विवशतावश "कमैया" बसने गरको दासत्वको जीवनयापन गरिहेका छन्। ती भेगका "थारु" मा डगौरा, देउखुरीमा पठरीया तथा राणा "थारु" हरु रहेका छन्। दाङबाट आएकालाई डगौरा, देउखुरीबाट आएकालाई "देउखुरीया" तथा भारतबाट आएकोलाई "राणा" थारु र राणा शासनकालमा पीडत भई भारत गई पछि त्यहाँबाट पुनः नेपाल फर्केर आउने थरुलाई "कठरीया" थारु हो भनी त्यस भेगका बुढापाकाहरुको भनाई रहेको छ। यी थारुहरु मध्ये रणा थारुको आफ्नै बेग्लै इतिहास रहेको पाईन्छ। भातरबाट सम्राट अकवरको पालमा भारतमा बसोकास गरेको राणा थारुको लोग्ने मानिस युद्धमा विगति पार्य पत्नी "थरुनी" विधवा भएकीले आफ्नो घरमा नोकरको रुपमा रहेको व्यक्तिसँग विहेगरी पतिको रुपमा स्वीकार गरिराखेको भनाई रहेको छ। राणा थारुमा अहिले पनि अन्य थारु जाति भन्दा भिन्न संस्कार रहेको छ।

**कमैया प्रथाको प्रादुर्भाव :**

उल्लेखित जिल्लाहरुमा थारु जाति कै ठूला-ठालु र जमिन्दारहरुले आफ्नो घर, व्यवहार र खेती काम गर्नको लागि अन्य गरिब, निर्धा थारुहरुलाई विभिन्न परिवन्द, षड्यन्त्रमा फसाएर वा विभिन्न प्रकारको प्रलोभन दिएर "कमैया" को रुपमा राख्ने गर्दथे। यस्तै प्रवृत्तिको परम्परा र प्रथाको विकास भई कमैयाको प्रथाको प्रचलन भयो। त्यो प्रथाको विकास धेरै अघि नै भएको थियो। केही समय अघि देखि ती जिल्लाहरुमा बसाई-सराईचाप बढ्न थाल्यो र पहाडबाट अन्य जातिहरुले पनि बसोबास गरी ती जिल्लाहरुमा बसोबास गरेका सम्पन्न व्यक्तिहरुले पनि क्रमशः त्यही थारु जातिको कमैयाहरुलाई नोकर (दास) को रुपमा राख्न थाले। यसले गर्दा परम्परा देखि चलिआएको कमैया प्रथाले निरन्तरता प्राप्त गरे। कमैया बस्ने सन्दर्भमा हेर्दा यसको विभिन्न सशक्त पक्ष रहेको छ। कमैया बस्न कसैलाई बाध्यता छ भने कसैले परम्पार देखि चलिआएको प्रथालाई निरन्तरता दिइएको पाइन्छ। बाध्यता कमैयाको सन्दर्भमा हेर्दा यसको अर्को पक्ष "सौकी" अर्थात् ऋणलाई दृष्टिगत गर्नुपर्ने हुन आउँछ। विपन्न वर्गका ती थारु जातिमा खानपिनको कुरो निकै अव्यवस्थित रहेको पाइन्छ। विहान उठ्ने वित्तिकै जाँड, रक्सी खानु तिनीहरुको विशेष बानी रहेको हुन्छ र खानपिनको लागि आफूसँग अभाव भएको कारणले ठूला-ठालुसँग ऋण लिन बाध्य भई त्यसो साटो ऋण लिइने कहाँ कमैयाको रुपमा बस्न विवश भएका हुन्छन्। सौकी भन्ने रकम यिनीहरुले ठूला-ठालुसँग छोराछोराको विशेमा गरिने भोजभतेर गर्नको लागि पनि लिएका हुन्छन्। यस्तो अवस्थामा लिएको ऋण जुन छोरोको विहेमा भोज-भतेर गर्न खर्च गरेको हुन्छ। त्यही छोराले ती सौकी वापत मानक कहाँ कमैया बस्नु पर्ने हुन्छ। यसरी यिनीहरु सौकी ऋणलाई मद्यपान, फजुल खर्ची, भोज-भतेरमा खर्च गरी मालिक कहाँ कमैयाको रुपमा दासत्वको जन्जीरमा सधैंको लागि बाँधिने गरिएको पाइन्छ। देखावटीरुपमा सौकी रकमको ब्याज तिर्नु हुँदैन भनिन्छ। तर ती सौकी रकम कमैयाहरुको निरक्षरता, विवशता र सोझोपनले गर्दा मालिकहरले सालबसाल विभिन्न परिपंच गरी अप्रत्याशित रुपमा बढाउन गर्दछन्। यस पक्षमा "बुकरही" भन्ने शब्दको पनि महत्वपूर्ण स्थान हून्छ। मालिकको घरमा कमैया बस्न जाँदा साथमा श्रीमती समेत लगेर बसेको कमैयाको श्रीमतीलाई "बुकरही" भनिन्छ। "बुकरही" आफ्नो लोग्नेसँग बस्छिन तर, छोरी "बुकरही" बसेको छ भने भाई-दाजु, बुवा साथमा बसेको पनि केही-कही पाइन्छ। मालिकले कमैया बस्नको लागि छुट्टै घर बनाई दिएको हुन्छ जसलाई "बुकरा" भनिन्छ। त्यस "बुकरा" मा कमैया र त्यसको श्रीमती बुकरही तथा छोरा-छोरी समेतबस्ने गरेको हुन्छन्। यसरी छोरा-छोरी श्रीमतीसँग बस्दा मालिकले दिएको बोरा धानबाट नपुग्ने हुँदा खाना खर्च भनेर मालिकसँग धान लिन्छन् र मालिकले त्यो दिएको धान जथाभावी रुपमा ऋणको रुपमा लेख्ने गरी साल-बसाली अप्रत्याशिरुपमा त्यसमा वृद्धि गर्ने गर्दछन् र ती ऋण तिर्न नसकेर बाध्य भई कमैयाको छोरा-छोरी समेत मालिकको घरमा खेती घर व्यवहार लगायत गाई, गोरु चराउने जस्ता काममा जीवनपर्यन्त "दास" को रुपमा पशुतुल्य जीवनयापन गर्न बाध्य हुन्छन्।

**कमैया प्रथाको नाउँमा शोषण :**

कमैया बस्ने विपन्न वर्गका ती थारु जातका व्यक्तिहरु प्रायः निरक्षर र सोझा निर्धा भएकाले मालिकले दिइने रकममा व्यापक गोल-माल र शोषण गर्ने गरेको छ। कमैयालाई दिइने "बोरी धान" एकमुष्ट नदिई पटक-पटक एक दुईमनका दरले दिई हिसाब गर्ने बेला एक बोरा दिएकोलाई चार बोराको हिसाब राखी प्रत्यक्ष शोषण गर्ने गरिन्छ। बढी देखाएको धानलाई रकममा परिवर्तन गरी सौकीको रकममा जोडिदै जाँदा कमैयाले पहिलोपटक लिएको सौकी रकम बढ्दै गई कमैया थारुहरु प्रायः ऋणमा डुबेको हुन्छन्। जसले गर्दा सन्तान-दरसन्तान दासको रुपमा कमैयामा बस्न बाध्य हुनु परेको छ। यसरी कमैया प्रथा दासत्वको अवशेषको रुपमा रहेको पाइन्छ। यिनीहरुको शोषण्को मूल कारण, अशिक्षा, गरिबी, अन्याय, शोषणको प्रतिकार गर्न नसिकने र मद्यपानको बढी सेवन, भोज भतेरमा अनावश्यक फजूल खर्ची आदी नै मुख्य कारणको रुपमा रहेको छ भने अन्त्य कहिले होला। चर्चा र परिचर्चाको बिचमा नेपाल प्रजातन्त्र र गणतन्त्रको परिवेशमा गुज्रिरहेको अवस्थामा पनि त्यस भेगका आदिबासी थारुहरुले शोषणको सिकार, उत्पीडनको शिकार तथा विभेदीकरणको शिकार बनिरहेका छन्। राजनैतिक दलहरुले नारालाई मात्र सिमित गरी आफ्नो घोषणापत्रमा कमैया प्रथाको अन्त्यको कुरा र अन्त्य भै सकेको कुरा जस्ता झुठो नाराहरु दिई जनतालाई दिगभ्रमित पारिरहेको अवस्थामा कमैया प्रथाको अन्त्यको नाउँमा राज्यबाट विभिन्न किसिमका समितिहरु गठन र विघटनसँगै गैर सरकारी संघ संस्थाहरुको नाउँमा लाखौं खर्च गरिएको तापनि सफलताको लागि केही उपलब्धी देखिदैन। त्यसै कारण त्यस भेगका सर्वसाधारण जनताहरुलाई जिवनस्तरको उन्नती गरी शिक्षामा सबभन्दा बढी जोड दिई रोजगारको स्थिति सिर्जना गरी यस्ता कुप्रथाहरुबाट मुक्तिको लागि सरकारले जोरदार रुपमा आफ्नो सकारात्मक कदमहरुलाई अगाडी बढाउनुपर्ने आवश्यकता देखिन्छ। नत्र भोलीका दिनमा यी प्रथाहरु अगाडी मानव सभ्यता र मानव संस्कृति माथि नै ठूलो प्रहार गर्ने सार्थक सिद्ध हुने छ। श्रोत : *सप्तरी दर्पण/मुक्तिनाथ मण्डलको लेखहरु*

### *असहाय, विपन्न, ...*

सानो सहयोग गरेको बताए।

संस्थाका अध्यक्ष मण्डलको अध्यक्षता तथा वडाध्यक्ष यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा पत्रकार अमरनाथ मण्डल, वडा सदस्य रेखा देवी खत्वे, जनज्योति कृषि सहकारी संस्था लि.का उपाध्यक्ष डम्बर नारायण यादव लगायतले पनि गरिब असहायलाई कम्बल वितरण गरेका थिए।

यता न्यानो लुगाको अभावमा चिसोका कारण कष्टकर जिवन बिताईरहेका गरिब असहाय, असक्त र ज्येष्ठ नागरिकहरु कम्बल पाएपछि हर्षित देखिन्थे।

### *भिसा मगाई ...*

पक्राउ परेका व्यक्तिहरुले अमेरिका, क्यानेडा र सिंगापुर लगायतका बिभिन्न देशहरुको भिसा समेत मगाइ दिने भन्दै बिभिन्न बैंकहरुमा नक्कली नागरिकताको प्रयोग गरी खाता खोलेर रकम ठगी गरेको बिशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको बिशेष प्रहरी टोलीले पक्राउ गरेको जनाएको छ।

यसरी पक्राउ पर्नेहरुमा बाराको गढीमाई नगरपालिका वडा नं.३ पिप्राविर्ता घर भई हाल जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. १५ ब्रह्मचोक २९ वर्षिय रोशन सिंह, निजकै भाई २१ वर्षिय बिशाल सिंह, भारत कलकत्ता घर भई हाल जिल्ला पर्सा बिरगंज महानगरपालिका वडा नं. १५ बस्ने शम्भु सिहंको घरमा डेरा गरि बस्ने २६ वर्षिय सबिक भक्त रजिल्ला र बिरगंज महानगरपालिका वडा नं. १५ ब्रह्मचोक बस्ने १८ वर्षिय फारुख आलम रहेका छन्।

प्रहरीले पक्राउ गरेकाहरुका साथबाट मोबाईल तथा ठगीमा प्रयोग हुने गरेको आवश्यक कागजातहरु समेत फेला परेको बताउँदै प्रहरीले आवश्यक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय बारामा राखेको जनाएको छ।

# कोरोना भाइरस नियन्त्रणमा उच्च सतर्कता अपनाउन सरकारको निर्देशन

काठमाडौँ, १३ माघ (रासस)।

चीनमा फैलिएको कोरोना भाइरसको प्रभाव नेपालमा पर्न नदिन सरकारले उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनपछि सोमबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सरोकारवाला निकायलाई १२ बुँदे निर्देशन दिएको हो।

नेपाल भ्रमण वर्ष २०२० का सन्दर्भमा नेपालको पर्यटन क्षेत्र र जनस्वास्थ्यमा यसको नकारात्मक प्रभाव पर्न नदिन अपनाउनुपर्ने पूर्वसतर्कता, जनचेतना र समन्वयका सम्बन्धमा छलफल गरी निर्देशन दिइएको मन्त्रालयका प्रवक्ता रुद्रसिंह तामाङले जानकारी दिनुभयो। उहाँका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा (हेल्थ डेस्क) स्वास्थ्य कक्ष स्थापना गरी चीनबाट आएका पर्यटकमा उक्त भाइरसको सङ्क्रमणको अनुमान गर्न निर्देशन दिएको हो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय तथा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई नेपाल आउने हवाईजहाजहरू अवतरण गर्नुपूर्व यात्रुहरूलाई हेल्थ डेस्कमा गई आधारभूत जाँच गराउने व्यवस्था गर्न तथा विश्व स्वास्थ्य सङ्गठनले तोकिदिएको मापदण्डबमोजिम अवतरणको समयमा जहाजलाई सङ्क्रमणबाट बचाउने व्यवस्था गर्न निर्देशन दिइएको छ। त्यस्तै विमानस्थलमा कार्यरत कर्मचारीहरूलाई कार्यस्थलमा मास्क, पञ्जा र आवश्यकतानुसारका अन्य स्वास्थ्य सावधानीका उपायहरू अवलम्बन गर्नसमेत निर्देशन दिइएको छ।

होटल, ट्राभल तथा ट्रेकिङ एजेन्सीलाई पर्यटकमा भाइरसको कुनै पनि लक्षण देखिएमा यथाशीघ्र तोकिएको स्वास्थ्य संस्थामा पुऱ्याउने व्यवस्था मिलाउन निर्देशन दिइएको छ। पर्यटकलाई सेवा दिने निजी क्षेत्रका सबै संस्थाले उक्त भाइरसबारे अवलम्बन गर्नुपर्ने सजगता एवं पूर्वसावधानी सम्बन्धमा आफ्ना कर्मचारीलाई तत्काल सुसूचित गराउने, कुनै पनि स्वास्थ्यसम्बन्धी उल्लिखित भाइरसबाट आउन सक्ने समस्याका सम्बन्धमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उपलब्ध गराएका सूचना एवं गर्नुपर्ने आवश्यक सहयोगमा पूर्ण सक्रियताका साथ कार्य गर्ने दिर्नेशन दिइएको हो।

नेपालमा स्थलमार्गबाट पर्यटक प्रवेश गर्ने स्थान रसुवा, यारी नाकालगायत उत्तरी सीमा नाकाहरू समेतमा उल्लिखित सतर्कता र पूर्वसावधानीहरू अपनाउने, भाइरसको सम्भावना भएका बिरामीलाई तत्काल 'आइसोलेसन'मा राख्नुपर्ने भएकाले यस सम्बन्धमा सबैले पूर्वसावधानी एवं सजगताका साथ कार्य गर्ने निर्देशन दिइएको प्रवक्ता तामाङले जानकारी दिनुभयो।

त्यस्तै चिनियाँ पर्यटकको बढी उपस्थिति हुने काठमाडौँ, पोखरा, चितवन र लुम्बिनी जस्ता स्थानहरूमा विशेष पूर्वसावधानी अवलम्बन गर्न, कोरोना भाइरसबाट बच्न र बचाउन जनचेतना वृद्धि गर्न, मानिसको धेरै आवतजावत हुने धार्मिक, सांस्कृतिक स्थानहरूमा सचेतनामूलक प्रचारप्रसार कार्य सञ्चालन गर्न निर्देशन दिइएको छ।

कोरोना भाइरससम्बन्धी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तयार गरेका पोस्टर, पम्प्लेट, सूचनामूलक अन्य प्रचार सामग्री पर्यटन विभाग र नेपाल पर्यटन बोर्डको समन्वयमा प्राप्त गरी प्रमुख होटल तथा ट्राभल र ट्रेकिङ कम्पनीका कार्यस्थलमा पर्यटकले देख्ने गरी राख्ने व्यवस्था मिलाउनसमेत निर्देशन दिइएको छ।

# कोरोना भाइरस प्रभावित मुलुकबाट आउने जहाजलाई छुट्टै 'पार्किङ'

काठमाडौँ, १३ माघ (रासस)।

सरकारले छिमेकी मुलुक चीनका केही क्षेत्रमा फैलिएको कोरोना भाइरसका कारण पर्यटन क्षेत्रमा पर्न सक्ने सम्भावित जोखिमबारे उच्च सतर्कता अपनाउन सरोकारवालालाई आग्रह गरेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सोमबार सरोकारवालासँगको छलफलमा मन्त्री योगेश भट्टराईले भाइरसबारे धेरै आत्तिनुपर्ने अवस्था नभए पनि उच्च सावधानी अपनाउन आग्रह गर्नुभयो। भाइरसको प्रकोपलाई फैलन नदिन सरकारले तयारी गरिरहेको जानकारी दिनुभयो। "कोरोना भाइरस नेपालमा फैलन नदिन सबै सरोकारवालाले उच्च सतर्कता अपनाऔँ, सङ्क्रमण बढेको अवस्थामा नियन्त्रण गर्न सरकार तयार छ", उहाँले भन्नुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा हवाई मार्गबाट भित्रने पर्यटकको स्वास्थ्य परीक्षणका गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'हेल्थ डेस्क' स्थापना गरिएको र विमानस्थलमा कार्यरत कर्मचारीमा सङ्क्रमण नहोस् भनेर पर्याप्त स्वास्थ्य सावधानी अपनाइएको बताउनुभयो। "हामीले सङ्क्रमण नसरोस् भनेर विमानस्थलका सम्पूर्ण कर्मचारीलाई मास्क, पन्जालगायत सुरक्षात्मक सामग्री उपलब्ध गराएका छौँ", उहाँले भन्नुभयो।

नेपालको पर्यटन प्रवर्द्धनमा छिमेकी चीनको भूमिका अत्यन्त महत्वपूर्ण छ भन्दै उहाँले सो मुलुकबाट आउने पर्यटकलाई उच्च निगरानीमा राखिएको उहाँले बताउनुभयो। विश्व स्वास्थ्य सङ्गठनको मान्यताअनुसार भाइरस प्रभावित मुलुकबाट आउने जहाजलाई विमानस्थलमा अलग्गै 'पार्किङ'को व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो।

भाइरसको सङ्क्रमण फैलन नदिन सरोकारवालाले पनि उच्च सतर्कता अपनाउनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "यसलाई रोक्न निजी क्षेत्रको सक्रियता आवश्यक छ।" मन्त्री भट्टराईले लुम्बिनी, पशुपति, ठमेल, सौराहलगायत पर्यटकको उच्च चाप हुने क्षेत्रमा अङ्ग्रेजी तथा चिनियाँ भाषामा सचेतनात्मक ब्यानर टाँस्न आग्रह गर्नुभयो।

सरकारले काठमाडौँ उपत्यकामा कोरोना प्रभावितको उपचार टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा गर्ने व्यवस्था मिलाएको छ। आवश्यकतानुसार सातै प्रदेशका विभिन्न अस्पतालमा यसको उपचार गर्ने व्यवस्था मिलाइने जनाइएको छ।

**विभाग र बोर्ड 'फोकल पोइन्ट'**

मन्त्रालयले पर्यटन विभाग र नेपाल पर्यटन बोर्डलाई भाइरससम्बन्धी फोकल पोइन्ट तोकेको छ। विभाग र बोर्डले सरोकारवाला निकायसँग समन्वय गर्ने गरी काम गर्नेछन्। "भ्रमण वर्षमा आएका पाहुनामा यससम्बन्धी लक्षण देखियो भने विभाग र बोर्डका अधिकारीले सम्बन्धित क्षेत्रसँग समन्वय गर्नुहोला", मन्त्री भट्टराईले भन्नुभयो, "समन्वय गरेर काम गर्नु, सरोकारवालासँग सूचना आदानप्रदान गर्नु।"

छलफलमा सहभागी निजी क्षेत्रका प्रतिनिधिले भाइरसबारे उच्च सतर्कता अपनाउनु जरुरी भए पनि अनावश्यक अड्कलबाजी गरेर भ्रमण वर्षलाई प्रभावित बनाउने काम गर्न नहुनेमा जोड दिनुभएको थियो। ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान), होटल एसोसियन अफ नेपाल (हान), नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्स (नाटा) लगायत निजी क्षेत्रका व्यवसायीको सहभागिता थियो।

# चौधौँ महाधिवेशनको तयारीमा काँग्रेस

काठमाडौँ, १३ माघ (रासस)।

नेपाली काँग्रेसले पार्टीको १४औँ केन्द्रीय महाधिवेशनको मिति तय गर्दै त्यसको तयारीलाई तीव्र बनाएको छ। काँग्रेसले केन्द्रीय महाधिवेशन विसं २०७७ फागुन ७ देखि १० गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको छ।

काँग्रेसको गत पुस ११ गते बसेको केन्द्रीय कार्यसमिति बैठकले गाउँ/नगर वडा अधिवेशन २०७७ साल मङ्सिर ९ गते, गाउँ/नगरपालिका अधिवेशन मङ्सिर ११ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन मङ्सिर १५ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन मङ्सिर १७ गते, जिल्ला अधिवेशन मङ्सिर २५ गते, प्रदेश अधिवेशन पुस १५ गते र केन्द्रीय महाधिवेशन विसं २०७७ फागुन ७ देखि १० गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको थियो।

केन्द्रीय समितिको सो बैठकले बहुमतका आधारमा उक्त निर्णय गरेपछि पार्टीमा आन्तरिक विवाद उत्पन्न भएको थियो। विवाद समाधानका लागि शीर्ष नेताहरूले सोबारेमा यही माघ १० गते सहमति गरेका थिए। काँग्रेसको सोमबार अपराह्न बस्ने केन्द्रीय समिति बैठकले सो सहमतिलाई सर्वसम्मतरूपमा पारित गर्ने प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो।

सभापति शेरबहादुर देउवा निवास बूढानीकण्ठमा गत शुक्रबार भएको शीर्ष नेताहरूको बैठकले पार्टीको केन्द्रीय महाधिवेशन तोकिएको मितिमै गर्ने तथा केन्द्रीय महाधिवेशन अघि विभिन्न तहका अधिवेशनसम्बन्धी कार्यतालिका र कार्यविधि परिमार्जनसहित नयाँ प्रस्ताव केन्द्रीय समितिमा पेश गर्ने सहमति गरेको थियो। साथै पार्टीको क्रियाशील सदस्यता छानबिन समिति गठन गर्ने, छ महिनाभित्र महाधिवेशन गर्ने गरी नेपाल विद्यार्थी सङ्घको केन्द्रीय तदर्थ समिति गठन गर्नेलगायतका सहमति गरी उक्त सहमति केन्द्रीय समिति बैठकबाट सर्वसम्मतिले पारित गर्ने निर्णय भएको थियो।

गत पुस ११ गते केन्द्रीय समिति बैठकले पार्टीको महाधिवेशन, केन्द्रीय विभाग, भ्रातृ संस्थासम्बन्धी निर्णय गरेपछि पार्टी सभापति देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षबीच विवाद देखिएको थियो। वरिष्ठ नेता पौडेल पक्षको अनुपस्थितिमा बसेको केन्द्रीय समितिको सो बैठकले पार्टीको केन्द्रीय विभाग २८ बाट बढाएर ४७ बनाउने, नेपाल तरुण दल केन्द्रीय कार्यसमितिको पदावधि छ महिना थप गर्ने, काँग्रेसको सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि एक वर्ष थप गर्ने, पार्टीको विभिन्न तहका अधिवेशन गर्ने कार्यतालिका, विधानका केही दफा निलम्बन गर्नेलगायतका निर्णय गरेको थियो।

गत मङ्सिर २६ गतेको केन्द्रीय समिति बैठकमा १४औँ महाधिवेशनको कार्यतालिका पेश गर्नुपर्ने आफ्नो माग पूरा नभएको भन्दै वरिष्ठ नेता पौडेल पक्षका नेताहरू बैठकमा उपस्थित भएनन्। त्यसपछि सहमतिका लागि शीर्ष नेताहरूबीच पटकपटक छलफल भएका थिए। शीर्ष नेताबीचको सहमति भएको झण्डै डेढ महिनापछि सोमबार वरिष्ठ नेता पौडेल पक्ष पनि केन्द्रीय समिति बैठकमा सहभागी हुँदैछ।

काँग्रेसको १३औँ महाधिवेशन विसं २०७२ फागुनमा काठमाडौँमा सम्पन्न भएको थियो। काँग्रेसको विधानको दफा ४३ मा पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुने उल्लेख छ। साथै सोही दफामा असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्ने व्यवस्था उल्लेख छ।

## विश्व समाचार

# कोरोना भाइरसबाट चीनमा ८० को मृत्यु, दुई हजारभन्दा बढी संक्रमित

बेइजिङ, १३ माघ (रासस/सिन्ह्वा)।

चीनमा कोरोना भाइरसको कारण मृत्यु हुनेको सङ्ख्या ८० पुगेको छ। चिनियाँ स्वास्थ्य अधिकारीहरूले कम्तीमा ८० जनाको मृत्यु भएको र झण्डै दुइ{ हजार ७४४ जना सङ्क्रमित भएको चिनियाँ राष्ट्रिय स्वास्थ्य आयोगले जानकारी दिएको छ।

सङ्क्रमितमध्ये ४६१ जनाको अवस्था गम्भीर रहेको आइतबार अबेर राति सो आयोगले जनाएको छ। गत २४ घण्टा यता ७६९ जना नागरिकमा यो भाइरसको सङ्क्रमण देखिएको छ। त्यसैगरी तीन हजार ८०६ जनालाई पनि यसको सङ्क्रमणको आशङ्का गरिएको आयोगले जनाएको छ।

यस कोरोना भाइरसबाट निको भएर एक हजारभन्दा बढी व्यक्ति अस्पतालबाट घर फर्किएका पनि उक्त समाचारमा जनाइएको छ। घर फर्किएकाहरूलाई पनि विशेष निगरानीमा राखिएको छ। उक्त सङ्क्रमणको उत्पत्ति भएको उहान क्षेत्रमा सरकारले बढी निगरानी राखिरहेको स्वास्थ्य अधिकारीहरूले बताएका छन्।

सङ्क्रमणको प्रकोप चीनका कम्तीमा २५ प्रान्तमा फैलिएको छ भने कम्तीमा १८ शहरमा निकै डरलाग्दो तरिकाले फैलिएकाले ती सहरहरूमा यातायातका साधन सञ्चालन गर्न प्रतिबन्ध लगाइएको छ।

ती क्षेत्रमा विभिन्न किसिमले सतर्कता अपनाइएको चीन सरकारले जनाएको छ। सरकारले देशभर हुने उडान, रेल सेवा र अन्य सवारीका साधनहरूको आवतजावतमा निगरानी बढाएको र उच्च सतर्कताका अपनाउन आह्वान गरेको छ।

मानिसको बढी आवतजावत हुने विमानस्थल, बसपार्क, रेल स्टेशनलगायतमा स्वास्थ्य जाँचको प्रबन्ध मिलाइएको छ भने जङ्गली जनावर र पशु ओसारपसार तथा उपभोगमा कडाई गर्न निर्देशन दिइएको छ।

सङ्क्रमणले अमेरिका, जापान, दक्षिण कोरिया, ताइवान, हङकङ, मकाउ र थाइल्याण्डमा छोइसकेको बताइन्छ। कोरोना भाइरस युरोपमा पनि फैलिन थालेको छ। फ्रान्समा तीन जनामा कोरोना भाइरस देखिएको पुष्टि भएको छ।

यस सङ्क्रमणबाट मृत्युको घटना चीनमा मात्रै भएको छ भने त्रास सङ्क्रमित हुनेहरू अन्य देशमा पनि भएकाले विश्वभरी नै त्रास फैलिएको छ।

चिनियाँ अधिकारीले कोरोना भाइरस मानिसबाट मानिसमा सरेको पुष्टि गरिसकेका छन्। यो भाइरस सङ्क्रमण भएपछि खासगरी श्वासप्रश्वाससम्बन्धी समस्या देखिने चिकित्सकहरूको भनाइ छ।

उनीहरूका अनुसार ज्वरो आउने, खोकी लाग्ने र सास फेर्न गाह्रो हुने यस सङ्क्रमणपछिका लक्षण हुन्। यस भाइरसको सङ्क्रमणपछि शरीरमा अक्सिजनको मात्रा कम हुँदै जाने पनि अर्को एक समस्या हो।

यसैबीच, संयुक्तराज्य अमेरिकाले मध्यचीनमा घातक भाइरसको केन्द्रमा फसेका अमेरिकी कर्मचारी र नागरिकलाई उद्धार गर्न विशेष विमान सेवा शुरु गर्न लागेको जनाएको छ। अमेरिकी विदेश मन्त्रालयले उहानस्थित आफ्ना कन्सुलर कार्यालयमा कार्यरत कर्मचारी र अरू अमेरिकीलाई उद्धार गर्न चीनको उहानतर्फ अमेरिकी विमान मङ्गलबार प्रस्थान गर्ने बताएको छ।

# बगदादस्थित अमेरिकी दूतावासमा तीनवटा रकेट प्रहार

बग्दाद, १३ माघ (रासस/एएफपी)।

आइतबार इराकको राजधानी बगदादमा अवस्थित अमेरिकी दूतावासमा तीन रकेट प्रहार गरिएको छ। हजारौं प्रदर्शनकारीले देशभर सरकारविरोधी प्रदर्शन गरिरहेको अवस्थामा सो आक्रमण भएको थियो।

हालैका दिनहरुमा अमेरिकी सेना खटाइएको स्थान, दूतावास र इराकी सैन्य शिविरमा आक्रमणका घटनाहरु बढेको छ। यस आक्रमणको कुनै पनि समूहले हालसम्म जिम्मेवारी लिएको छैन। तर वासिङ्टनले इराकमा इरान समर्थित सैन्य गुटले यस्ता आक्रमणहरु गरेको दाबी गरेको छ। आइतबार दूतावासको खाना पकाउने ठाउँ र अन्य दुई वटा स्थानमा रकेट प्रहार भएको सुरक्षा स्रोतले एएफपी समाचार समितिलाई जनाएको छ।

एक वरिष्ठ इराकी अधिकारीले कम्तीमा एक व्यक्ति घाइते भएको एएफपीलाई बताउनुभएको छ। तर घाइतेको अवस्था कति गम्भीर हो र उक्त व्यक्ति अमेरिकी नागरिक वा मिशनमा कार्यरत इराकी स्टाफ सदस्य हुन या होइनन् भन्ने बारेमा पनि तत्काल पुष्टि भएको छैन। अमेरिकी विदेश मन्त्रालयले आइतबार इराक सरकारलाई "हाम्रो कूटनीतिक सुविधाहरुको रक्षा गर्न आफ्नो दायित्व पूरा गर्न" आह्वान गरेको छ।

इराकी प्रधानमन्त्री अदेल अब्देल महदी र सभामुख मोहम्मद हलबुसीले यस घटनाको भर्त्सना गर्दै यसो अवस्था रहयो भने मातृभूमिलाई युद्धमा तान्ने जोखिम रहेको बताउनुभएको छ। अमेरिका र इरानमा गत महिनाबाट शुरु भएको तनावको कारण बीचमा इराक पनि तानिएको छ।

# जुवातास खेलिरहेका एक दर्जन व्यक्ति पक्राउ




**दैनिक समाचारदाता**
**सिरहा, १३ माघ ।**

सिरहाको मिर्चैया नगरपालिका ६ कटारी चौकबाट जुवातास खेलिरहेको अवस्थामा एक दर्जन व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीको गस्ती टोलीले जुवातास खेलिरहेको अवस्थामा मिर्चैया नगरपालिका ६ निवासी नरेश झा, सुरज कुमार साह, वडा नं. ८ बस्ने मनोज यादव, राजाराम साह, वडा नम्बर ३ बस्ने सरोज कुमार चौधरी, जितेन्द्र साह, वडा नम्बर ५ बस्ने विनोद कुमार साह, विनोद साह, वडा नम्बर ४ बस्ने जितेन्द्र साह, वडा नम्बर २ बस्ने श्रवण कुमार साह र कल्याणपुर नगरपालिका ९ बस्ने श्याम सुन्दर साह रहेका छन् ।

प्रहरीले उनीहरुको साथबाट छैयानब्बे हजार दुई सय नब्बे रुपैया र चार हजार असी भारतिय रुपैया र तीन बुक तासँसमेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

# पाँच हजार छोरी बीमित

जनकपुरधाम, १३ माघ (रासस) ।

प्रदेश सरकारद्वारा सञ्चालित 'बेटी पढाऊ बेटी बचाऊ' अभियानअन्तर्गत छोरी शिक्षा बीमा शिविरमार्फत हालसम्म पाँच हजारभन्दा बढी छोरी बीमित भएका छन् ।

विसं २०७५ माघ १ गतेयता जन्मिएको छोरीलाई प्रदेश सरकारले शिक्षा बीमा गरी दिने घोषणा गरको थियो । सोहीअनुरुप मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै अभियान सञ्चालन गरिए पनि प्रभावकारी हुन नसकेपछि विगत एक वर्षमा जन्मिएका सबै छोरीको बीमा गर्ने उद्देश्यका साथ शिविरमार्फत माघ १० गतेसम्म पाँच हजार ४० छोरीले बीमा गराएका हुन् ।

बीमा गराएकी बालिकाले २० वर्षपछि एकमुष्ट रु एक लाख २५ हजार पाउने कुरा मुख्यमन्त्रीका प्रेस संयोजक आतिश मिश्रले जानकारी दिनुभयो । शिविरमार्फत सप्तरीमा ८८८, सिरहामा ६६३, धनुषामा ३४६, महोत्तरी ६४५, सर्लाही ७६८, रौतहट ४६२, बारा ८०५ र पर्सामा ४६३ छोरीले बीमा गराएको छ । बीमाका लागि आवश्यक जन्मदर्ता, स्थानीय तहको सिफारिस, आमा वा बुबामध्ये एकजनाको नागरिकता र बच्चा तथा अभिभावकको ६/६ थान फोटो आवश्यक रहेको हुँदा प्रदेश सरकारले शिविरमार्फत सबै प्रक्रिया पूरा गर्ने गरी व्यवस्था गरेको छ ।

शिविरमा प्रभु बैंकका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि तथा वडा सचिवहरू, फोटोग्राफर एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रतिनिधिको अनिवार्य उपस्थिति रहने गरेको छ ।

माघ २ गते मुख्यमन्त्री लालबाबु राउतले पर्साको वीरगञ्जका साथै आठवटै जिल्लामा एकसाथ शुरु गरिएको शिविर फागुन पहिलो सातासम्म प्रत्येक स्थानीय तहमा सञ्चालित रहनेछ ।

शिविर महानगरमा चार, उपमहानगरमा तीन, नगरपालिकामा दुई र गाउँपालिकामा एक दिन सञ्चालन गरिने व्यवस्था छ । साथै शिविरमा बीमा गराउने बालिकाको परिवारले तीन महिनाका लागि सुविसुको फ्री इन्टरनेट सेवासमेत पाइरहेका छन् ।

# मानवअधिकारकर्मी पक्राउ

काठमाडौं, १३ माघ (रासस) ।

प्रहरीले राष्ट्रपति कार्यालयमा धर्ना दिन गएका १२ मानवअधिकारकर्मीलाई पक्राउ गरेको छ । अग्निप्रसाद सापकोटालाई प्रतिनिधिसभाको सभामुख बनाइएको विरोधमा राष्ट्रपति कार्यालय अगाडि धर्ना दिन गएका मानवअधिकारकर्मीलाई केहीबेर अगाडि महानगरीय प्रहरी वृत्त महाराजगञ्जको टोलीले नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा चरण प्रसाईंलगायत छन् ।

वृत्तका प्रमुख, प्रहरी नायब उपरीक्षक उमेश लम्सालले राष्ट्रपति कार्यालयको निषेधित क्षेत्र तोड्न खोजेपछि नियन्त्रणमा लिइएको जानकारी दिनुभयो । पक्राउ पर्नेमा नौ पुरुष र तीन महिला छन् । आइतबार निर्वाचित सभामुख सापकोटाले राष्ट्रपति विद्यादेवी भण्डारीबाट शपथ ग्रहण गर्नुभएको छ ।

***खाद्य स्वच्छता ...***

अति उत्तम तथा ८० देखि ९० सम्म अंक ल्याउनेलाई उत्तम श्रेणीमा राखी स्टिकर टाँसिएको छ ।

त्यस्तै ६५ देखि ७९ सम्म लाई सन्तोषजनक र ५० देखि ६४ सम्म अंक ल्याउने होटल रेष्टुरेन्टमा सामान्य लेखिएको स्टिकर टाँस गरिएको छ । सामान्य स्टिकर पाएका होटल र रेष्टुरेन्टले ६ महिनामा पनि सुधार नगरे स्तरीकरण लोगो खारेज गर्नुका साथै अन्य कार्यवाही प्रकृया अघि बढाईने निर्णय भएको घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख सन्तोष साहले बताए ।

खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण डिभिजन, घरेलु तथा साना उद्योग कार्यालय, राष्ट्रिय उपभोक्ता मंच, न्यायीक उपभोक्ता मंच, उद्योग बाणिज्य संघ, पत्रकार महासंघ, जिल्ला प्रशासन कार्यालय लगायतका कार्यालय र संघ संस्थाका प्रतिनिधि सम्मलित टोलीले पहिलो दिन नगरक्षेत्रका १२ वटा होटल र रेष्टुरेन्टहरुको अनुगमन पश्चात स्तरिकरणको स्टिकर टाँस गरेका छन् ।

राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवले एक होटलको अनुगमन पश्चात् स्तरिकरणको टिकट टाँस गर्दै कार्यक्रमको सुरुवात गरे ।

ती होटल र रेष्टुरेन्टका संचालकहरुलाई यस अघि गत पौष २४ गते खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण कार्यालयले खाद्य स्वच्छता र सरसफाईबारे आवश्यक तालिम समेत दिएको थियो ।

सोही अनुसार होटल तथा रेष्टुरेन्ट संचालकहरुले खाद्य स्वच्छता र सरसफाई व्यवहारमा लागु गरे/नगरेको जाँच गर्न र स्तरिकरणको स्टिकर टाँस गर्न टोली खटिएको खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख सुरेश कुमार सिंहले जानकारी दिए ।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख सयक्ष्सन्तोष साह, राष्ट्रिय उपभोक्ता मचका उपाध्यक्ष राजकुमार गुप्ता, न्यायीक उपभोक्ता मंचका अध्यक्ष रामकुमार यादव, उद्योग बाणिज्य संघका उपाध्यक्ष गौरी शंकर साह, जिल्ला प्रशासन कार्यालय तथा पत्रकार महासंघका प्रतिनिधि सम्मलित टोली अनुगमन र स्तरीकरण कार्यमा सहभागी छन् ।


नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT






एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित


छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७


हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*